छोरीबुहारीलाई स्नातकसम्म निःशुल्क शिक्षा । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१४, ● अंक-१९ ● २०७८ मंसिर ०६ गते सोमबार, ● 22 Nov. 2021, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## आन्तरिक पर्यटकको रोजाइमा इन्द्रसरोवर ताल

विकास संवाददाता
थाहानगर



मकवानपुरको इन्द्रसरोबरमा आन्तरिक पर्यटकको आकर्षण बढेको छ । रमणीय वातावरणमा रमाउँदै डुङ्गा र मोटरबोट सयर गर्न जिल्ला भित्र र बाहिर बाट प्रशस्त पर्यटक आउने गरेका छन् । पर्यटकको संख्या बढेपछि स्थानीयले खियाउँदै आएको काठे डुङ्गाले आम्दानी गर्न थालेको छ ।

इन्द्रसरोबर गाउँपालिका-१ का अध्यक्ष जमानसिंह वाइबाले भने, 'अहिले तालमा पानीको मात्रा निकै बढेसँगै सुन्दरता पनि थपिएको छ, अहिले दुई रात बिताउनका लागि जिल्ला भित्र र बाहिरका पर्यटक आउने क्रम बढेको छ ।' इन्द्र सरोवर क्षेत्रमा पर्यटकको बसाइँ लम्बाउनेलगायतका थप योजना पनि गाउँपालिकाले बनाइरहेको उनले जानकारी दिए ।

अहिले इन्द्रसरोबरमा सयर गर्न आउनेको संख्या दैनिक पाँच सय जनाभन्दा धेरै रहेको स्थानीयको अनुमान छ । पर्यटकहरू तराईका जिल्लाबाट दामन, चित्लाङ हुँदै मार्खुको इन्द्रसरोबर पुग्छन् भने काठमाडौंबाट चित्लाङ हुँदै तालमा पुग्ने गर्दछन् । पर्यटकहरू मोटरबोट र डुङ्गा चढेर थाहा नगर र इन्द्रसरोबरको सिमानामा रहेको मोहिनी झरना हेर्न जान्छन् । अन्य दिनहरूभन्दा शुक्रबार र शनिबार पर्यटकहरूको भिड बढ्ने इन्द्रसरोवर डुङ्गा व्यवसायी संघ कुलेखानीका उपाध्यक्ष प्रविण श्रेष्ठले बताए । 'बिदमको समयमा होटलमा आगन्तुक राख्न सक्ने अवस्था हुँदैन, पर्यटकहरू आगो बालेर बाहिरै रमाउने गर्दछन्' उनले भने । काठमाडौं, हेटौंडा, बाराको सिमरा, पर्सा, चितवन, रौतहट लगायतका जिल्लाबाट पर्यटकहरू आउने गरेको उनले बताए ।

### गाउँलेको शेयर लगानीमा डुङ्गा

पर्यटकको आकर्षण बढेपछि अव्यवस्थित रूपमा सञ्चालन हुँदै आएका डुङ्गाहरू व्यवस्थित रूपमा सञ्चालन गर्न स्थानीय एकजुट भएका छन् । गाउँका ३ सय ५४ घरधुरीको शेयर लगानीमा अहिले मोटरबोट र काठे डुङ्गा सञ्चालन गरिएको छ ।

पहिले स्थानीय वारपार गर्न, तालमा पालिएका माछालाई दाना हाल्न प्रयोग हुने डुंगाले अहिले आन्तरिक पर्यटकहरूलाई सयर गराएर दैनिक एक हजार रूपैयाँसम्म कमाउने गरेको इन्द्रसरोवर डुङ्गा व्यवसायी संघ कुलेखानीका उपाध्यक्ष प्रविण श्रेष्ठले बताए । उनले भने, 'पहिले डुंगा न्युनतम आवश्यकता थियो, अहिले रोजगारीको पनि बाटो बनेको छ ।'

संयुक्त रूपमा बोट सञ्चालन समिति मार्फत ३ वटा मोटरबोट र १५ वटा काठको डुङ्गा सञ्चालन भैरहेको उपाध्यक्ष श्रेष्ठले बताए । बोट र डुङ्गा सञ्चालनका लागि १७ जना कर्मचारीहरूलाई रोजगारी दिइएको छ । बिदाको समयमा १० जना दैनिक ज्यालादारीमा कर्मचारी राख्ने गरेको उनले बताए ।

समितिले लाइफ ज्याकेटको प्रवन्ध सहित तालमा सयर गराउने गरेको छ । पर्यटकलाई १ लाख रूपियाँ बराबरको दुर्घटना बिमाको व्यवस्था गरिएको छ ।

पौडी खेल्न जान्नेका लागि र्‍याफ्टिङ् बोट, काइट बोट, बनाना बोट सञ्चालनमा रहेको संघले जनाएको छ । उक्त बोट सञ्चालनका लागि घण्टाको २ हजार रूपैयाँ बराबर पर्दछ । काठको डुङ्गामा छोटो दुरीको यात्राका लागि १ सय १०, ठूलो आइल्याण्डसम्म पुगेर फर्कनका लागि १ सय ६० रूपियाँ लाग्दछ । इन्द्रसरोबर ताल ७ किलोमिटर लम्बाइ र ५ सय मिटर चौडाइमा फैलिएको छ ।

## आग्रा स्वास्थ्य चौकी उद्घाटन

◆ विकास संवाददाता



संघीय सरकारका स्वास्थ्य मन्त्री बिरोध खतिवडाले थाहा नगरपालिका वडा न ८ आग्रा मा बनेको नबनिर्मित भबनको एक समारोह बिच उद्‌टान गरेका छन् । च्वाइस नेपाल र थाहा नगरपालिकाको एक करोड पचास लाख आर्थिक सहयोगमा निर्माण भएको स्वास्थ्य चौकी को मन्त्री खतिवडाले रिबन काटेर उद्घाटन गरेका हुन् ।

कार्यक्रमका प्रमुख अतिथी समेत रहेका मन्त्री खतिवडाले स्वास्थ्य चौकीको लागि आवश्यक उपकरण तथा अन्य सामाग्री अबको तीन महिना भित्र उपलब्ध गराउने बताउदै, थाहाको आग्रा भेगको सजिलोको लागि दामगाडे मोरिया माहादेबेसी सडक उच्च प्राथमिकतामा राखिरहेको बताए । उनलै थाहा नगरलाई खोप अभाव भए नगर मन्त्रालयमा आएर खोप ल्याउन आग्रह गरे ।

जनताको स्वास्थमा सरकार दृढ भएकोले प्रत्येक पालिकाको वडैपिच्छे आधारभुत स्वास्थ्य उपचारको लागि आधारभुत स्वास्थ्य चौकी निर्माणकालागि ४० लाख बजेट को ब्यबस्था गरेको उनले बताए ।






विकास खबरपत्रिका साप्ताहिक
www.bikaskhabar.com
२०७८ मसिर ०६ गते सोमबार, 22 Nov. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



## • सम्पादकीय •

### यसपालि पनि मल अभाव नहोस्

मकवानपुरको उत्तरी क्षेत्रमा रहेका पालिकाहरुका किसानहरुका लागि अहिले अब नयाँ बाली लगाउनका लागि खेतबारी तयारी गर्ने बेला हो । हरेक वर्षको मंसिर लागेपछि किसानहरु आगामी बाली लगाउनका लागि खेतबारी तयारी अवस्थामा राख्नमा व्यस्थ हुन्छन् । यहाँका मात्र होइन आमनेपाली किसानका लागि 'मानो रोपेर मुरी फलाउने' अभियानको शुरुवात खेतबारी तयारीबाटै शुरु हुन्छ । लगातार दुई वर्ष त कोरोना संकट र लकडाउनका कारण अरु क्षेत्र जस्तै किसानहरु पनि धेरै पीडित भए । त्यसोत: शहरमा बसेकाहरु पनि यसबीचमा गाउँ फर्केर खेतीपातीमा लाग्न थालेका छन् । कोरोना संक्रमण जस्तै वर्षेनी किसानले व्यहोर्नुपर्ने अर्को संकट हो, रसायनिक मलको आपूर्ति । अर्थात, किसानले सहजै रासायनिक मल पाउन जहिल्यै मुस्किल हुन्छ । बिउ, मल, प्रविधि र जनशक्ति आदिको अभाव हुन नदिने हो भने यस क्षेत्रको तरकारी खेतीबाट ठूलो हिस्सा नागरिकको राम्रो आम्दानीको स्रोत बन्छ । किनकि, यहाँको तरकारीखेती नै निर्विकल्प आयआर्जनको बाटो हो । नेपालको कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको झण्डै २७ प्रतिशत योगदान छ ।

पहिले पहिले पहाडी क्षेत्रमा समेत तरकारी खेती बाहेक अन्य अन्न बालीमै निर्भर हुनु पर्थ्यो । तर, अहिले अवस्था फेरिएको छ । अन्नखेतीको तुलनामा अहिले तरकारी खेती गर्ने किसानहरुको संख्या ह्वात्तै बढेको छ । स्थानीय पालिकाहरुले दिने कृषि अनुदान सहयोग, कृषि प्राविधिकहरुको संख्यामा बढोत्तरी, छोटो समयमा नगद आम्दानी गर्न सकिने लगायतका कारणले पनि यसतर्फ आकर्षण बढेको छ । कृषि यान्त्रिकीकरण, स्तरीय बिउ र सन्तुलित मलखादको प्रयोग र बजारीकरणमा ध्यान दिन सके तरकारी उत्पादन बढाउन सकिने थप सम्भावना छ । नेपालमा एकातिर झण्डै आठ लाख हेक्टर खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुग्न सकेको छैन भने अर्कोतिर मलको अभावले उत्पादनमा चुनौती थपिरहेको छ। जमिनको खण्डीकरणलगायतका समस्या पनि छँदैछन्। समयमै मल उपलब्ध नहुँदा गतवर्ष उत्पादन प्रभावित हुन पुग्यो। करिब ५0 हजार मेट्रिक टन युरिया ल्याउन खोज्दा पनि समयमै आउन सकेन। मल आपूर्तिको सम्झौता गरेका दुई कम्पनीले समयमै मल नल्याउँदा अभाव मात्र भएन, धान उत्पादनमा नै समस्या सिर्जना हुन पुग्यो। यस्तो बिडम्बना छ कि नेपालले किन्न चाहेर पनि मल पाइरहेको छैन। गत वर्ष बंगलादेशबाट मल ल्याउन सरकार प्रमुखहबीच नै सहमति हुँदा पनि मल ल्याउन सकिएन। दुई देशका राष्ट्र तथा सरकार प्रमुखले नै सहमति गर्दा पनि मल ल्याउन नसक्नुको अर्थ हो– नेपालमा मलको अभाव पूर्ति गर्नु सहज छैन। यो वर्षेनिको समस्या हुने गरेको छ। दुई वर्षअघि सात लाख मेट्रिक टन रासायनिक मलको माग भएकामा नेपालले केवल तीन लाख २५ हजार मेट्रिक टन मात्रै आयात गरेको थियो। विदेशबाट आयात गर्नुपर्ने परिमाणमध्ये केही भारतसँगको खुला सिमानाको फाइदा उठाउँदै अबैध रूपमा भित्रिन्छ।

नेपालमा विशेष गरी भारतबाटै अधिक परिमाणमा रासायनिक मल भियाइन्छ। भारत आफैले मलको अभाव झेलिरहेको बेला नेपाललाई सहज उपलब्ध गराउने अवस्था पनि रहँदैन। नेपालमा खाद्य मलका लागि दिगो समाधान भनेको देशभित्रै मल कारखाना स्थापना हो तर यो त्यति सजिलो छैन। देशभित्रै मल उद्योग स्थापना गर्न सरकारले पटक–पटक प्रयास नगरेको होइन तर सफल हुन सकिरहेको छैन। नेपालमा मल उद्योग स्थापना गर्न एकातिर देशभित्र इच्छाशक्ति देखिदैन भने अर्कोतिर बाहिरी दबाब थेग्न नसक्ने अवस्था पनि उस्तै छ। नेपालमा मल कारखाना खुल्दा भारतीय कारखानाको बजार बन्द हुन्छ भन्ने मनशायले पनि काम गरेको हुनसक्छ र त्यस्तै पूँजीपतिहले नेपाली कर्मचारीतन्त्रमार्फत आफ्ना चाहना अघि सारेका हुनसक्छन्। यसका लागि दीर्घकालीन पहल जरुरी नै छ ।

# राज्यका सम्पत्ति र लाभको उपयोग



**डा. विश्व पौडेल**

राज्यसँग सामान्यतया तीन प्रकारका सम्पत्ति/स्रोत उपलब्ध हुन्छन् । एउटा प्रत्यक्ष देखिने स्रोत हुन्छ । उदाहरणका लागि पानी, यस्तै प्रकारका अन्य प्राकृतिक स्रोत हुन सक्छन् । राज्यको स्रोतको रूपमा ढुंगा खानी, सल्फर, नाइट्रेट खानी हुन सक्छन् । वनजंगल पनि राज्यको सम्पत्ति हो ।

राज्यको सम्पत्ति र संरक्षण जंगलमा जुन सिद्धान्त प्रयोग गरेर यसलाई हामीले बचाइरहेका छौँ, त्यसले अधिकतम फाइदा दिएको छ कि छैन ? यो एउटा प्रश्न हो। जलविद्युत्को प्रयोग केही वर्षमा ह्वात्तै बढेको छ, सिमेन्टको पनि बढेको छ । यसबाट साधारण जनतामा राजस्व कति गएको छ ? त्यसको उत्तर अझै रोचक हुन्छ । हामी राज्यको राजस्वको स्रोत हेरौँ । हाम्रोमा भएको प्राकृतिक स्रोतको उपयोग/ उपभोगबाट भन्दा राज्यले आयातमा आधारित भएर बढी राजस्व संकलन गरिरहेको छ । पछिल्लो समय आयकरको हिस्सा बढी छ ।

**प्राकृतिक स्रोत :**

हामीले देखिने प्राकृतिक स्रोतको उपभोग गरेका छौँ कि छैनौँ, यो अहम् प्रश्न बनेर आएको छ । सरसर्ती हेर्दा उपयोग भएकै छैन जस्तो देखियो किनकि त्यहाँबाट कर उठिरहेको छैन । यदि राज्यले उपयोग गरेको छैन भने कसले फाइदा लिएको छ त ? हामी एउटा मात्र उदाहरण हेर्न सक्छौँ, ढुंगा, बालुवा, गिटी। यसबाट राज्यले उठाउनुपर्ने फाइदा उठाउन सकेको छैन भने यसको फाइदा कसले उठाइरेको छ ? कसैले न कसैले त कमाइरहेको छ। हामी सबैलाई थाहा छ । त्यसो भए यस्तो खालको कमाइ कति न्यायसंगत छ त ? राज्यको स्रोतबाट केही व्यक्ति धनी हुने अवस्था रहनु वा भनौँ उनीहरूको योगदानभन्दा बढी मुनाफा हुनु हुँदैन ।

प्राकृतिक स्रोतमा ढुंगा, गिटी, बालुवा, वन्यजन्तुजस्ता सबै विषयको प्रसंग आउँछ । पानीलाई कसरी बचाउने ? जलविद्युत आयोजना फर्केर सरकारको हातमा आएपछि कुन अवस्थामा आउँछन् ? ती राज्यलाई राजस्व तिर्न सक्ने अवस्थामा हुन्छन् कि राज्यलाई त्यो अप्ठेरो पार्ने गरी आउँछन् भन्ने मुख्य प्रश्न छ । चुनढुंगामा आधारित सिमेन्ट उद्योगको प्रश्न पनि यही नै हो ।

**संस्था:**

राज्यको दोस्रो महत्वपूर्ण स्रोत हो, संस्था । उदाहरणका लागि राष्ट्र बैंक, धितोपत्र बोर्ड, कानुनी संस्था । यी संस्था बनाउन वर्षौं लागेको छ । यी संस्थाको जगेर्ना गर्नु राज्यको दायित्व पनि हो। यी संस्थाले राम्रोसँग काम गरे भने जनतालाई फाइदा हुन्छ । यो संस्थाको फाइदा गरिब जनतासम्म पुऱ्याउन सकिन्छ । अहिले चर्चामा रहेको सेयर बजार र यसको नियामकारी संस्था धितोपत्र बोर्डकै कुरा गरौँ । यो बोर्डको फाइदा गरिब/गुरूवासम्म बाँड्ने संयन्त्र छ भने त्यो राम्रो भयो। त्यो छैन र केही व्यक्ति मात्र त्यहाँबाट धनी भएका छन् भने त्यो खराब भयो । त्यसकारण यी र यस्ता संस्थालाई राज्यका सम्पत्ति मानिएको हो। यिनको जगेर्ना गर्नु राज्यको दायित्व हो ।

कहिलेकाहीँ सुन मात्र राज्यको सम्पत्ति हो कि भन्ने हामी सोच्छौँ। त्यसो होइन । यस्ता संस्थाको पनि आर्थिक नै 'रिटर्न' छ । यी संस्थालाई बचाउँदा पैसा आएको नदेखिए पनि यी नहुँदा हाम्रो पैसा जान्छ । हाम्रो बजारको खोजी र विस्तारमा यी संस्थाले काम गरेका हुन्छन् । त्यसकारण यी संस्थालाई राज्यले आफ्नो सम्पत्ति मान्नुपर्छ ।

निर्वाचन आउँदै छ । निर्वाचन प्रक्रिया सस्तो, पारदर्शी बनायौँ भने भोलि द्वन्द्व निरूपणमा ठूलो सहयोग गर्छ । जातजातिबीचमा झगडा हुँदा होस् वा हतियार उठेको बेला होस् । हामीले निर्वाचनमा आऊ भन्ने गर्छौं । विगतमा माओवादीलाई यस्तै अवसर दिइएको हो । शान्ति प्रक्रिया भनेकै एक मानेमा

> हामीले देखिने प्राकृतिक स्रोतको उपभोग गरेका छौं कि छैनौं, यो अहम् प्रश्न बनेर आएको छ । सरसर्ती हेर्दा उपयोग भएकै छैन जस्तो देखियो किनकि त्यहाँबाट कर उठिरहेको छैन । यदि राज्यले उपयोग गरेको छैन भने कसले फाइदा लिएको छ त ? हामी एउटा मात्र उदाहरण हेर्न सक्छौं, ढुंगा, बालुवा, गिटी । यसबाट राज्यले उठाउनुपर्ने फाइदा उठाउन सकेको छैन भने यसको फाइदा कसले उठाइरेको छ ? कसैले न कसैले त कमाइरहेको छ । हामी सबैलाई थाहा छ । त्यसो भए यस्तो खालको कमाइ कति न्यायसंगत छ त ? राज्यको स्रोतबाट केही व्यक्ति धनी हुने अवस्था रहनु वा भनौं उनीहरूको योगदानभन्दा बढी मुनाफा हुनु हुँदैन ।

निर्वाचनको निष्पक्षता र सत्तामा जान पाउने स्वपान हो भन्ने मान्यताका आधारमा उनीहरू यो व्यवस्थामा आएका हुन् । यदि हामीसँग निर्वाचन गर्ने प्रक्रिया नभएका भए द्वन्द्व निरूपणको एउटा मात्र उपाय युद्ध मात्र हुन्थ्यो । युद्ध त एक जना मात्र बाँकी रहँदासम्म पनि सकिँदैन । त्यसकारण यी संस्थाहरूको राज्यमा ठूलो महत्व रहन्छ ।

**शिक्षा:**

तेस्रो स्रोत भनेको केही अमूर्त संयन्त्र हुन्छन्, जसले समाजलाई बचाउन ठूलो भूमिका खेल्छ । उदाहरणका लागि शिक्षा । शिक्षाको उद्देश्य गरिबलाई धनी बनाउन भऱ्याङको रूपमा काम गर्नु हो । विपन्नबाट सम्पन्न बनाउनु हो किनकि धनी बन्न लुट्न पाइन्न, चोर्न पाइन्न । सीप सिक्ने र सिकाउने संयन्त्रलाई राज्यले सम्पत्तिका रूपमा स्वीकार गरेर संरक्षण गर्नुपर्छ । साक्षरताले अस्थिरता रोक्छ । यी तीन खालका सम्पत्ति (प्रत्यक्ष देखिने, संस्था र अर्मूत वा सेवा क्षेत्र) बाटै आर्थिक रूपमा सबल बन्ने माध्यम हुन् ।

**कस्तो परिवर्तनको आवश्यकता छ ?**

सार्वजनिक सम्पत्तिको जगेर्ना राज्यले गर्नुपर्छ भन्नेमा दुईमत रहेन । साथमा अब राज्यले आफ्नो कर संरचनामा पनि केही न केही समीक्षा गर्नैपर्छ । आयातमा आधारित राजस्व, आम्दानीमा आधारित करमा पनि केही परिवर्तन ल्याउनुपर्छ । खास भन्ने हो भने कर राज्यको सम्पत्तिका माध्यमबाटै प्राप्त हुनुपर्छ । महाभारतमा उल्लेख भएजस्तै राज्यले कर उठाउने भनेको गाईको दूध दुहुनुजस्तै हो । यी सम्पत्तिलाई 'स्टक सम्पत्ति' का रूपमा लिने ताकि मुख्य संस्था नबिग्रियोस् । सम्पत्तिबाट हामीले कति प्रतिफल लिन चाहेको हो, निश्चित गरौँ । धेरै दूध चाहियो भने अर्को गाई पाल्नुजस्तै । वा गाईलाई अधिकतम उत्पादक बनाउनु उसलाई पालनपोषणमा बढी मिहिनेत गर्नुपऱ्यो । तर, गाईलाई नै काटेर मासु खाएर दूधको सट्टा बढी प्रोटिन पाइन्छ भनियो भने अर्को दिन हामीसँगै केही बाँकी रहने छैन ।

**निजी क्षेत्रको प्रवृत्ति र समस्या**

निजी क्षेत्र लाइसेन्सप्रति बढी नै आसक्त छ । नेपालको निजी क्षेत्रमा आफैं आविष्कार गरेर वा अन्तर्राष्ट्रिय बजारमा निर्यात गरेर सम्पत्ति कमाउने मान्छे निकै कम छन् । आफूले लाइसेन्स हातमा लिएपछि अरूलाई निषेध गर्ने प्रवृत्ति निजी क्षेत्रमा छ । २०४८ पछिको आर्थिक सुधारको मुख्य विशेषता नै स्वतन्त्रता थियो । त्यसबेला मान्छेले चाहेका बेला स्कुल, बैंक, बिमा, विश्वविद्यालय, अस्पताल, विमानस्थल बनाउन सक्थे । हामी स्वतन्त्र नेपाली हौँ, व्यवसाय गर्न पाउने हाम्रो नैसर्गिक अधिकार हो भन्ने मान्यतामा आधारित रहेर त्यो बेला सुधार भएको थियो । तर, आज अर्थतन्त्र लाइसेन्समा आधारित भएको छ । चाहेका बेला बैंक खोल्न पाइन्न । अस्पतालले लाइसेन्स पाउँदैनन् । बिमा कम्पनी खुल्न पाउँदैनन् । धेरै क्षेत्रमा लाइसेन्स राखिएको छ ।

आजको स्मार्ट जमानामा हरेक कामले असमानता बढाउनुहुँदैन भन्ने मान्यता राखिन्छ । त्यसकारण हाम्रा नीतिहरूले पनि असमानता बढाउनुहुँदैन । धनी र गरिबबीच खाडल निर्माण गर्नुहुँदैन । जहाँ यस्तो खाडल देखिन्छ, त्यहाँ राज्यले हेर्नुपर्छ । राज्यमा भएको स्रोतमाथि सबैको बराबर अधिकार रहन्छ । आफूले लगानी गरेभन्दा कसैले पनि बढी लाभ लिन पाइँदैन । कसैले लिएको छ भने त्यो 'अनफेयर' भयो । त्यस्ता खालका लाइसेन्सलाई हटाउनुपर्छ । कतिपय अवस्थामा त्यो अलोकप्रिय पनि लाग्न सक्छ । तर, मुलुक जहिले स्वतन्त्रतायुक्त र पारदर्शी हुनुपर्छ ।

*(लेखक पौडेल, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष हुन् । प्रस्तुत लेख नेपाल आर्थिक पत्रकार समाज (सेजन) द्वारा प्रकाशित "अर्थनीति" बाट लिइएको हो )*

**थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा**

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५0७२३२२ र नरेन्द्र अधिकारी ९८५५0७0५६१*

**महत्वपुर्ण टेलिफोन नम्बरहरू**

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# जाडोमा ओठ फुट्नबाट जोगाउने ५ उपाय

**लिपबाम दल्नुस्**

समय-समयमा ओठमा लिपबाम दल्ने गर्नुस्। भिटामिन ई र मौरीको चाकायुक्त लिपबाम लगाउनु अझ राम्रो हुन्छ ।

**स्क्रब गर्नुस्**

फुटेको ओठमा मृत छालाका पत्र हुन्छन्, जसले तपाईंलाई अस्वस्थ र अनाकर्षक देखाउन सक्छ। यसका लागि स्क्रब प्रयोग गरेर यस्ता मृत छाला हटाउनुपर्छ। चिनीमा चिल्लो तरल पदार्थ हाली स्क्रब बनाएर ओठमा रगड्ने गर्‍यो भने मृत छाला हट्छ र ओठ सुन्दर बन्छ । यसका लागि दाँत माझ्ने ब्रसले बिस्तारै ओठ सफा गर्न पनि सकिन्छ। यसरी सफा गरेपछि लिपबाम प्रयोग गर्न बिर्सनु हुँदैन ।

**नकोट्याउनुस्**

ओठमा जमेका मृत छाला औँला अथवा नङले कोट्याएर निकाल्ने गर्नु हुँदैन । नत्र घाउ लाग्न सक्छ ।



**बाममाथि लिपस्टिक लगाउनुस्**

जाडो मौसमा लिपस्टिक लगाउनुअघि ओठमा लिपबाम लगाई सुक्न दिनुपर्छ र त्यसमाथि लिपस्टिक लगाउनुपर्छ। यसले ओठमा अतिरिक्त म्वइस्चराइजर उपलब्ध गराउँछ।

**ओठ नचाट्नुस्**

जाडोमा ओठ सुखा हुने भएकाले ओठ फुट्ने गर्छ। ओठको सुखापन हटाउन ओठमा जिब्रो घुमाउने धेरैको बानी हुन्छ । यस्तो गर्नु हुँदैन । यस्तो गर्नाले ओठ अझ बढी सुखा हुन्छ ।




## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# पाठेघरको क्यान्सरले बर्सेनि ५ लाखको मृत्यु, बेलैमा जाँच गरे छैन डर



सबैका घरमा आमा, दिदी-बहिनी, भाउजू -बुहारी हुन्छन् । उनीहरू निरोगी पनि देखिएका होलान् । तर, यथार्थमा उनीहरू सधैं एउटा प्राणघातक रोगको जोखिममा छन् । त्यो हो- पाठेघरको मुखको क्यान्सर । ३० देखि ६० वर्ष उमेरका हरेक महिला यो रोगको जोखिममा हुन्छन् ।

सानै उमेरमा विवाह भएका, धेरै बच्चा जन्माएका, धेरै जनासंग यौन सम्पर्क राखेका, लामो समय परिवार नियोजनका चक्की सेवन गरेका महिला पाठेघरको मुखको क्यान्सरको उच्च जोखिममा र हन्छन् । जीवनमा एक पटकमात्र यौन सम्पर्क गरेका महिला यो रोगको उत्तिकै जोखिममा हुन्छन् ।

यो खतरा किन पनि भने, महिलामा हुने क्यान्सरमध्ये यो पहिलो स्थानमा छ। यो रोग लागिसकेपछि उपचार खर्चिलो त छ नै, जटिल पनि छ । 'त्यसैले रोग लाग्न नदिनु नै बेस', १५ वर्षयता यो रोग नियन्त्रणमा सकृय डा. सरिता घिमिरे भन्छिन्, 'र, त्यो सजिलै सकिन्छ पनि ।'

*रामेछाप स्थायी घर भएकी स्त्री रोग तथा क्यान्सर विशेषज्ञ सरिता घिमिरे चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम)का एमबीबीएस र एमडी हुन् ।*

उनले स्त्री रोग र प्रसूति बिषयमा सन् २००४ मा एमडी गर्दा नेपालमा भर्खर क्यान्सर रोगका अस्पतालहरू खुल्न थालेका थिए । सँगै क्यान्सर रोगीको संख्या अचाक्ली बढिरहेको थियो ।

त्यो अवस्था हेरिरहेकी डा. घिमिरेले भरतपूर क्यान्सर अस्पताल गएर क्यान्सर सम्बन्धि विशेष तालिम लिइन् । त्यसपछि पाकिस्तान र बेलायत समेत गएर विशेषज्ञ तालिम लिइन् । त्यसयता उनले पाठेघर को मुखको क्यान्सर रोकथाममा काम गरेको १५ वर्ष भैसक्यो ।

हाल ललितपुरको ताल्चिखेलस्थित क्यान्सर केयर फाउण्डेसनमा प्रमुख कन्सल्टेण्टको रूपमा कार्यरत डा. घिमिरेको जोड बेलैमा रोग पहिचानमा छ । यसका लागि जनचेतना जगाउन उनी जिल्ला-जिल्ला पुग्छिन् । पाठेघर जाँच गराउन अस्पताल आउने सय जनामा ६ देखि ८ जना क्यान्सरको संक्रमण कालमै पुग्न थालेको उनको अनुभव छ । डा. घिमिरे भन्छिन्, 'जनचेतना जगाउँदा हुने फाइदा यो तथ्यांकले देखाएको छ ।'

भक्तपुर क्यान्सर अस्पतालमा आवद्ध हुँदा उनी जिल्लाहरूमा शिविर चलाउनमै बढी सकृय भइन् । ति शिविरहरूमा पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर लगायत विभिन्न क्यान्सर रोगबारे जानकारी दिइन्थ्यो । महिलालाई बढी पाठेघरको मुखको क्यान्सर हुन्छ, तर यसलाई रोक्न सकिन्छ भनेपछि परिक्षणका लागि अस्पताल पुग्नेहरूको संख्या बढेको डा. घिमिरेको अनुभव छ । र, यसले उनलाई पेशागत सन्तुष्टि दिएको छ ।

शिविरहरूमा उनी डरलाग्दा फोटोहरू राखिदिन्थिन्, डराएरै एक पटक परिक्षण गर्न अस्पताल पुगुन् भनेर । 'मनमा डर पैदा नभएसम्म कुनै पनि कुरालाई गम्भीर तापूर्वक नलिने, आनीबानीमा परिवर्तन नगर्ने मानिसको स्वभावै हो', डा. घिमिरे भन्छिन्, 'जुन भोलि गएर आफैंलाई घातक बन्छ ।'

उनका अनुसार, विश्वमा प्रत्येक वर्ष करिब ५ लाख २८ हजार महिला पाठेघरको मुखको क्यान्सरबाट पीडित हुन्छन् । नेपालमा अवस्था के छ ? 'नेपालमा क्यान्सरको उपचार गराउन अस्पताल आउने महिलामध्ये २०-२२ प्रतिशत पाठेघरको मुखको क्यान्सरबाट पीडित हुन्छन्', डा. घिमिरे भन्छिन्, 'यसबारे बिस्तृत अध्ययन हुन भने बाँकी नै छ ।'

**सुरुमै लक्षण देखिँदैन**

पाठेघरको मुखको क्यान्सर निकै बढिसकेपछि गन्हाउने र रगत मिसिएको पानी बग्न थाल्छ । महिनावारी नभएको बेला पनि रगत देखिनु वा महिनावारी सुकेका महिलाहरूमा फेरि रगत देखा पर्नु पनि पाठेघरको मुखमा क्यान्सर भएको लक्षण हो । यो क्यान्सर निकै फैलिएपछि पेट फुल्ने, खुट्टा सुन्निने, कम्मर र ढाड दुख्ने, दिसा-पिसाब गर्न समस्या हुने हुन्छ । यसबाट जोगिन ३० वर्ष पुगेका र जीवनमा एकपटक मात्र किन नहोस्, यौनसम्पर्क गरेका महिलाले हरेक तीनदेखि पाँच वर्षभित्र कम्तीमा एक पटक तालिम प्राप्त स्वास्थ्यकर्मीबाट जाँच गराउन डा. घिमिरेको सुझाव छ । उनी भन्छिन्, 'महिनावारी सुकेका र क्यान्सर हुने सम्भावना भएर शल्यक्रिया गरेका महिलाले पनि पाठेघरको नियमित परिक्षण गराउनुपर्छ ।'

परिक्षणका क्रममा स्वास्थ्यकर्मीहरूले पाठेघरको मुखमा औषधी राखेर भिजुअल इन्स्पेक्सन विथ एसिटिक एसिड (भीआईए) जाँच गर्छन् । पहिले प्याप स्मेयर टेष्ट (पीएसटी) गरेर पाठेघरको मुखमा क्यान्सर संक्रमण भएको वा नभएको पत्ता लगाइन्थ्यो । भीआईए त्योभन्दा धेरै वैज्ञानिक विधि हो ।

**संक्रमण थाह भए रोकथाम हुन्छ**

पाठेघरको मुखको क्यान्सर ह्युमन पापिलोमा नामक भाइरसको संक्रमणबाट हुन्छ । यो भाइरस संक्रमण भएको १५ देखि २० वर्षपछि क्यान्सरको रूप लिन्छ । डा. घिमिरेका अनुसार, ह्युमन पापिलोमा भाइरस १५-२० वर्षसम्म भित्रै चलेर बस्छ । रोग प्रतिरोधात्मक क्षमता बढी छ भने शरीरले त्यसलाई निस्काशन गरिदिन पनि सक्छ । प्रतिरोधी क्षमता कम हुनेहरूमा भने त्यसले सुक्ष्म परिवर्तनहरू गराएर क्यान्सर निम्त्याउँछ ।

नियमित जाँच गराउने हो भने पाठेघरको मुखमा क्यान्सर हुनु अगावै थाह पाएर रोक्न सकिने डा. घिमिरे बताउँछिन् । 'तर, हाम्रा महिलाहरू घर परिवारको जिम्मेवारीमा यति धेरै रूमलिएका हुन्छन् कि रोगले गम्भीर रूप नलिएसम्म उनीहरूलाई अस्पताल सम्झने फुर्सद नै हुँदैन ।'

# बेलुकाको खाना चाँडै खानुपर्ने यि हुन् कारण

**तौल नियन्त्रणमा रहन्छः** यदि तपाईं तौल नियन्त्रणमा राख्न चाहनुहुन्छ भने बेलुकीको खाना चाँडै खानुहोस्। खाना खाएपछि केहीक्षण हिड्नुहोस्। जतिसुकै बढी खाना खानुहोस्, यस्तो तरिका अपनाउँने हो भने तौल बढ्दैन ।

**छाति पोल्दैनः** अधिकांश मानिसको खाना खाएपछि सिधै बेडमा जाने बानी हुन्छ। यसो गर्नाले स्वास्थ्य खराब हुन सक्छ र छाति पोल्ने समस्या आउन सक्छ। चाँडै खाना खानुहुन्छ भने यो समस्या आउँदैन।

**अधिक उर्जा पाउँन सकिन्छः** बेलुकाको खाना अबेर खाने हो भने बिहानको नास्ता खान त्यति मन लाग्दैन, जसबाट दिनभर उर्जाको कमी हुन सक्छ। यसविपरित चाँडै खाना खाने हो भने बिहान नास्ता राम्ररी रूच्छ र शरीरले उर्जा पाउँछ।

**हल्का महसूस हुन्छः** यदि बेलुकाको खाना सही समयमा खाइन्छ भने अर्को दिन भोक लाग्छ र समयमै तपाईंले खाना खानुहुन्छ। रूटीनमा खाना खानाले पेट हल्का हुन्छ र ग्यासको समस्या पनि हुँदैन।

**गहिरो निन्द्रा पर्छः** राति ढिला खाना खानाले निन्द्रा पनि ढिलै लाग्छ र निद्रा पूरै लाग्दैन। यसविपरित चाँडै खाना खानाले निद्रा नआउने समस्या केही हदसम्म कम गर्न सकिन्छ र यसबाट शरीरको चक्र पनि व्यवस्थित हुन्छ।

**पाचनका लागि बढी समय उपलब्ध हुन्छः** जति खाना खायो, उति नै पच्नुपनि पर्छ। खाना खाएपछि त्यसलाई पच्न समय लाग्छ। यदि चाँडै खाना खाने हो भने त्यसलाई पचाउने समय पनि पाइन्छ र यसबाट बिहान ताजा अनुभूति पनि हुन्छ ।

# 'अख्तियार हेटौंडाको प्रतिवेदन प्रदेश प्रमुखलाई पेश



◆ विकास संवाददाता

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको हेटौंडा स्थित कार्यालयद्वारा प्रदेश प्रमुख यादबचन्द्र शर्मालाई वार्षिक प्रतिवेदन पेस गरेको छ । अख्तियार दुरूपयोग अनुसंधान आयोगको हेटौंडा कार्यालयका प्रमुख अर्जुन कुमार शर्माले प्रदेश प्रमुख शर्मालाई २१ औं वार्षिक प्रतिवेदन पेश गरेका हुन् ।

आर्थिक वर्ष २०७७-०७८ को अन्त्यसम्म अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडामा ९२९ उजुरीहरू विभिन्न माध्यमबाट प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ । उजुरी मध्ये ५११ वटा उजुरीहरू फच्यौट भएका छन् । जसमध्यमा २७३ वटा उजुरीहरू प्रारम्विक छानविनबाट तामेलीमा राखिएको अख्तियारको हेटौंडा कार्यालयले जनाएको छ ।

५७ वटा उजुरीहरू सुझाब सहित तामेलीमा पठाइएको छ । फच्यौट भएका उजुरी मध्यमा ५४ वटा उजुरीमा बिस्तृत अनुसंधान गर्ने निर्णय भएको अख्तियारको हेटौंडा कार्यालयका प्रमुख शर्माले बताए ।

# हेटौंडामा संसदीय खुलापन र पारदर्शितामा असल अभ्यास सम्बन्धी अन्तरक्रिया

◆ विकास संवाददाता

बागमती प्रदेशसभा सचिवालयमा हेटौंडामा संसदीय खुलापन र पारदर्शितामा असल अभ्यास सम्बन्धी अन्तरक्रिया कार्यक्रम भएको छ । जनपत्र मिडिया प्रालि मकवानपुरको आयोजना तथा संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को आर्थिक सहयोगमा कार्यक्रम गरिएको हो ।



कार्यक्रममा बोल्दै बागमती प्रदेशका सभामुख सानु कुमार श्रेष्ठले यहाँको संसदमा सबैको पहुँच बढाउँदै पारदर्शितामा जोड दिएको वताउनु भएको छ । यसअघि संसदमा भएका कमजोरीहरू व्यक्तिको रहेको बताउँदै उनले भने-'पहिले भएका कमजोरीहरू सुधार गर्दै जाने छौं । यस्ता कमजोरी कसैबाट भएको भए व्यक्तिले गरेका हुन् । सिङ्गो संस्थाले कमजोरी गरेको होइन ।'

बागमती प्रदेशसभामा पक्षपातको कुनै काम नभएको उनले बताए । सबैलाई समान व्यवहारले काम गरिएको उनको भनाई छ । प्रदेशसभामा हिजोका दिनहरूमा भन्दा धेरै सुधारका कामहरू भइरहेको वताउँदै सभामुख श्रेष्ठले भने-'केही टेक्नीकल समस्या र भवनका कारण समस्या परेको हुनसक्छ अब यसलाई सच्याउँदै अगाडी बढ्ने छौं'

प्रदेशसभाबाट पास भएका ऐनहरू कार्यान्यनमा गएको र केही ऐनहरू आवश्यक्ता अनुसार संसोधन भएको उनले बताए । प्रदेशसभामा बजेट पास गराउने बेलामा भन्दा बाहेक अरू बेलामा दलहरूबिचमा समन्वयबाट नै विधयकहरू पास भएको जानकारी गराए । प्रदेशसभामा संस्थागत संरचना नहुँदा केही समस्या परेपनि नागरिकको पहुँमा भने रहेको बताए । पत्रकारले उठाएका प्रश्नहरूको जवाफ दिने क्रममा बोल्दै उहाँले टेक्नीकल मेनपाओर नहुँदा समस्या बढेको बताए ।

कार्यक्रममा प्रदेशसभाका निमित्त सचिब बिनोद अमात्यले प्रदेशसभाले हाल सम्म गरेका कानूनका विषयमा जानकारी गराएका थिए । हालसम्म प्रदेशसभाबाट ६२ वटा ऐनहरू परित संसोधनसहित गरेर पारित भएको अमात्यले जानकारी दिए । प्रदेशमा ८२ वटा कानून निर्माण गर्नुपर्ने पहिचान भएको छ । पहिचान भएर पनि बन्न बाँकी ऐन ४५ वटा रहेका छन् ।

कार्यक्रममा भर्चुअल विधि मार्फत सार्वजनिक लेखा समितिका सभापति न्युछेनारायण श्रेष्ठ, प्रदेश मामिला समितिका सभापति माधब पौडेल सहभागि हुनु भएको थियो । त्यसैगरी प्रदेशसभाका बिभिन्न समितिका सचिबहरूको सहभागिता रहेको थियो । पत्रकारहरूसंगको अन्तरत्रिmयामा नागरिक दैनिकका बरिष्ठ संबाददाता इश्वरी सुवेदीले संसदमा खुलापन र हाम्रो अभ्यासका विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

## प्रदेशसभामा खुलापनलाई ध्यान दिइएन-पत्रकार

बागमती प्रदेशसभामा खुलापनलाई ध्यान नदिएको मकवानपुरका संचारकर्मीहरूले आरोप लगाएका छन् । कार्यक्रममा आफ्ना धारणा राख्दै बागमती प्रदेश पत्रकार महासंघका निवर्तमान अध्यक्ष प्रताप विष्ठले प्रदेशसभामा खुलापनको सबैलाई महशुस हुन दिनुपर्ने बताए । सभामुखको समन्वयकारी भूमिका हुँदा हुँदै पनि खुलापन हुन समस्या भएको बताउँदै उनले भने-'प्रदेशसभा भित्र मिडियालाई सहज रूपमा रिपोटिङ गर्ने व्यवस्था मिलाउन जरूरी छ । समितिका बैठकमा पत्रकारलाई बोलाउने चलन छैन । यसमा पनि बोलाएर राख्न मेरो सुझाब छ ।' कार्यक्रममा बागमती प्रदेश पत्रकार महासंघका उपाध्यक्ष रूपेश दुलालले प्रदेशसभामा विगतका तुलनामा अहिले सहज भएको बताए । संसदलाई अहिलेको भन्दा पनि अझै खुलापन बनाउनै पर्ने बताए । प्रदेशसभाको सेकुरेटीका कारण प्रदेशसभामा खुलापन हुन नसकेको उनले बताए । प्रदेशसभामा पत्रकारसंगै आम नागरिकका लागि सहज बनाउन उनको सुझाब छ । आएका विधयकलाई पर्याप्त छलफल गरेर मात्र सभामा लैजानुपर्ने उनले बताए ।

कार्यक्रममा जनपत्र मिडाया प्रालि मकवानपुरका अध्यक्ष हरि हुमागाईले संसदीय खुलापन र पारदर्शितामा असल अभ्यासको सुरूवात गर्नकै लागि कार्यक्रम गरिएको बताए । संसदको पुरानो भवनका कारण पनि सबैखालका समस्या भएकाले अब नयाँ भवन निर्माण भएपछी धेरै खालका समस्या पनि समाधान हुने उनले बताए । कार्यक्रममा प्रेश युनियन बागमती प्रदेशका संयोजक राममणि दाहाल, नेपाल टेलिभिजन मकवानपुरका संबाददाता दिपेन्द्र रोक्का लगायतकाले संसदलाई खुलापन दिनुपर्नेमा जोड दिए ।

# रंगशाला-चिसापानी जोड्ने सडक शिलान्यास



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१६ रंगशाला चिसापानी जोड्ने सडकको शिलान्यास गरिएको छ । उपमहानगरपालिकाका मेयर हरि बहादुर महतले सडक निर्माणको शिलान्यास गर्नुभयो । कुल ४३ लाख ५३ हजार रूपैयाँ लागतमा यस सडकको स्लाब ढालन गर्न लागिएको हो । उपमहानगर पालिका क्षेत्रमा पूर्वाधार निर्माणको काम तिब्र गतिमा भइरहेको बताए ।

जनप्रतिनिधि आएपछी हेटौंडाका टोलटोलमा पक्की सडक निर्माणले प्राथमिकता पाएको समेत बताए । पहिले यहाँको सडक कच्ची हुँदा हिउँदमा छारो धुलो र वर्षायाममा हिलो हुने समस्या स्थानीय वासिन्दाहरूले भोग्दै आएका थिए । तर अब भने सडक पीच हुन सुरू भएपछि स्थानीय वासिन्दाहरू निकै खुसी समेत भएका छन् ।

हेटौंडामा पहिलेका ११ वडा संगै पछी थपिएका वडामा सडक पूर्वाधारका काम धेरै भएका छन् । कार्यक्रममा हेटौंडा-१६ का वडा अध्यक्ष रामकृष्ण कोइराला, अधिवक्ता तथा समाजसेवी मदन कुमार दाहाल लगायतकाको आतिथ्यता रहेको थियो ।

# राक्सिराङमा एक्साभेटरमा आगजनी

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङमा एउटा एक्साभेटरमा आगजनी गरिएको छ । अरू दुइवटा एक्साभेटरमा तोडफोड गरि एको छ ।



हेटौंडाको ऋद्धिसिद्धि सिमेन्ट उद्योगको राक्सिराङ गाउँपालिका वडा ४ गिंगु खानीमा एउटा एक्साभेटरमा आगजनी भएको छ भने २ वटामा तोडफोड भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मोतिदान कन्स्ट्रक्सन सेवा प्रालिको भवन अगाडि पार्किमा रहेको ३ वटा एक्साभेटर मध्ये प्रदेश ३-०१-००३ बा ५७३४ नम्बरको एक्साभेटरमा आगजनी हुदा पूर्णरूपमा क्षति भएको छ ।

त्यसैगरी पार्किङ गरेको बा २ क ५८९ र बा ३ क ६९७ नम्बरको एक्साभेटरमा तोडफोड भएको प्रहरीले जनाएको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहानगरका नयाँ रिसोर्ट खुल्यो



◆ विकास संवाददाता

मकवानपुर थाहानगरको पर्यटन बिकासलाइ टेवा दिने उद्देश्य सहित थाहा नगरपालिकामा अर्को नयाँ रिसोर्ट संचालनमा आएको छ। थाहा नगरपालिका वडा न ४ फापरबारीमा स्थानीय विष्णुहरी वाइबाले करिब पौने दुई करोडको लगानीमा रिसोर्ट संचालनमा ल्याएका हुन ।

त्रिभुवन राजपथको सिम्भन्ज्याङ खण्ड अन्तर्गतको गोलमोड फापरबारी भिमफेदी देउराली सडकको फापरबारीमा रिसोर्ट संचालनमा आएको हो । त्रिभुवन राजपथ गोलमोडबाट ५ किलोमीटर पूर्व र भिमफेदी देउरालीबाट ४ किलोमीटर उत्तरतर्फ रहेको रमणीय स्थानमा पारिजात अर्ग्यानिक रिसोर्ट पुग्न सकिन्छ । हाल ४० जना क्षमता रहेको रिसोर्टमा पुगेपछि माछापुच्छ्रे हिमालदेखि सगरमाथासम्म अवलोकन गर्दै, कालिज, पाहा, भुइस्याउको स्थानीय उत्पादनको स्वादमा रमाउनेको लागि रिसोर्ट उपयुक्त थलो हुने संचालक वाइबाले बताए । हेटौंडा, भिमफेदी, कुलेखानी भएर आवतजावत गर्ने आन्तरिक पर्यटनलाई मध्यनजर गर्दै खोलिएको रिसोर्टमा भारतीय पर्यटकलाई तान्न सकिने संचालक वाइबा बताउँछन ।

रिसोर्टबाट हेटौंडा, कुलेखानी ,सिस्नेरी, भैसेदेखि मौसम सफा भएकोबेला भारतको सिमावर्ती रक्सौल, बिहार समेत नाङ्गो आखाले देख्न सकिन्छ । हाललाई एकजनाले एकहजार पाँच सय देखि दुई हजार रूपैमा खर्च गरे एकरात बास सहितको प्याकेज रहेको संचालक वाइवाले बताए ।

# प्रेस सेन्टर मकवानपुरको अध्यक्षमा थापा

◆ विकास संवाददाता

प्रेस सेन्टर नेपाल मकवानपुरको पाँचौ जिल्ला सम्मेलनले पुनः अञ्जली थापाको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

थाहा नगरपालिकास्थित होटल पाइनसमा आयोजित सम्मेलनले २१ सदस्सीय कार्यसमिति गठन गरेको हो। समितिको उपाध्यक्षमा राजकुमार केसी र शुभलक्ष्मी विश्वकर्मा, सचिवमा एमपी शर्मा, कोषाध्यक्षमा अशोकसुजन श्रेष्ठ, सहसचिवमा रूपा गुरूङ र दिलबहादुर लामा, सदस्यहरूमा सरला अधिकारी, नवराज वाईबा, उमेश राई, अर्जुन संजेल, नुजाता सुवेदी, मुकेश गोले, पविना लामा, ओम फुयाँल, राजेश गरिब, मञ्जु मैनाली, मनिता दानी, सानोबाबु मुक्तान र मुक्तिनाथ उप्रेती रहेका छन् ।

त्यस्तै, सम्मेलनले प्रेस सेन्टरको केन्द्रीय प्रतिनिधितर्फ कौशल पाण्डे, नवराज शर्मा तिमल्सिना, कमलचन्द्र सुमन, ऋषिराम पोखरेल, भानुभक्त आचार्य र कृष्ण सारू मगरलाई चयन गरेको छ भने प्रदेश प्रतिनिधितर्फ ध्रुब अधिकारी, राजु शाश्वत लामिछाने, ईच्छापूर्ण कार्की, यादब चौलागाई, मिना श्रेष्ठ, अशेष ढुङ्गाना, भावना रिजाल, रञ्जिता डंगोल र अजिव भट्टराई चयन गरिएको छ ।

कार्यक्रमको बागमती प्रदेशकी सामाजिक विकास मन्त्री एवं नेकपा माओबादी केन्द्र मकवानपुरकी केन्द्रीय सदस्य कुमारी मोक्तानको प्रमुख आतिथ्यता तथा प्रेस सेन्टरका बागमती प्रदेश ईन्चार्ज लक्ष्मण खड्काको विशेष आतिथ्यता रहेको थियो ।

कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख लवशेर विष्ट, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सुनिल खड्का, नेकपा माओवादी केन्द्र बागमती प्रदेश सदस्य विष्णु बिष्ट 'आदर्श', माओबादी केन्द्र मकवानपुरका प्रचार विभाग प्रमुख कमान सिं पाखिन, पार्टीका थाहानगर अध्यक्ष अरूण रायमाझी, वडा नम्बर ३ का अध्यक्ष राजेश केसी, नेपाल पत्रकार महासंघ बागमती प्रदेश महासचिव कृष्ण सारू मगर लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

प्रेस सेन्टर मकवानपुरका थापाको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्व अध्यक्ष भानुभक्त आचार्य, बाम वुद्धिजिबी ऋषिराम पोखरेल, अग्रज पत्रकार कमलचन्द्र सुमन लगायतको आतिथ्य रहेको थियो ।



## थाहानगर अध्यक्षमा अधिकारी सर्वसम्मत

प्रेस सेन्टर मकवानपुर को थाहामा जारी पाँचौ जिल्ला सम्मेलनमा १३ सदस्यीय थाहानगर कमिटि घोषणा भएको छा थाहानगरबाट प्रकाशित थाहापाटी अनलाइन तथा दामन एफ. एम. का पत्रकार शम्भु अधिकारीको अध्यक्षतामा १३ सदस्यीय नगर कमिटी घोषणा गरियको हो ।

कमिटिको उपाध्यक्षमा सिम्रन खड्का, सचिव अम्बिका केसी, कोषाध्यक्ष दाबा टसि शेर्पा तथा सदस्यहरूमा रबि जिम्बा, मोहन समशेर थिङ, सुजन आले मगर, आस्मा देउला, सुर्य स्याङ्तान, बिनिता केसी, तुलाराम थिङ, देबिका कार्की, सोनुप श्रेष्ठ रहेका छन ।

# 'छोरीबुहारीलाई स्नातकसम्म नि:शुल्क'



◆ विकास संवाददाता

बागमती प्रदेशका मुख्य मन्त्री राजेन्द्र पाण्डेले सामुदायिक बिद्यालय उतिर्ण गरेका छोरीबुहारीलाई स्नातकसम्म निशुल्क शिक्षा प्रदान गरिने बताएका छन् ।

थाहा नगरपालिकाको शंकर होटलमा आयोजित अनौपचारिक भेटघाट कार्यक्रममा मुख्यमन्त्री पाण्डेले अब आउने पुरक बजेटबाट यो कार्यक्रम शुरू गरिने बताए । मुख्यमन्त्री पाण्डेले थाहा नगरपालिका र इन्द्रसरोबर गाउँपालिकालाई समेटेर मुख्य पर्यटकिय हब बनाउदै फिल्म सिटिको रूपमा लैजान पालिकाले विस्तृत योजना ल्याएर दुबै पालिकाको पर्यटन विकासमा फड्को मार्न सहज हुने धारणा राखे ।

उनले केन्द्रले स्थानीयतहको साना साना योजनामा पनि बजेट हालेर गाइजात्रा देखाएको बताउदै यस्तो प्रवृत्तिले संघीयताको अनुभव हुन नदिएकोप्रति असन्तुष्टी व्यक्त गरे । उनले थाहानगरको विकासको लागि प्रदेश सरकार सधै सहकार्य गर्न तयार रहेको पनि बताए ।






# लिङ्ग पहिचान गरी भ्रूणहत्या गर्नु अपराध हो । त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं । छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।*

- विकास खबरपत्रिका

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

### जनगणनाबाट के कस्ता तथ्याङ्क उपलब्ध हुन्छन् त ?

- नेपालको कुन कुन क्षेत्र तथा भू-भागमा के कति मानिस बसोबास गर्छन् ?
- उनीहरूमध्ये महिला, पुरुष, अन्य लिङ्गी, बालबालिका, काम गर्ने उमेर समूह र बृद्धबृद्धाको संख्या कति छ ?
- उनीहरूको बासस्थान कस्तो छ ?
- उनीहरूले के-कस्ता सुविधा पाउँछन् ?
- मानिसहरू के कस्ता पेशा ब्यवसाय गर्छन् ?
- रोजगारीको अवस्था कस्तो छ ?
- विभिन्न स्थानमा कुन-कुन जातजाति, भाषिक समूह र धर्मावलम्बीको बसोबास रहेको छ ?
- उनीहरूको शिक्षा र साक्षरताको अवस्था कस्तो छ ?
- बसाई सराईको अवस्था कस्तो छ ?
- जन्म र मृत्युको अवस्था कस्तो छ ?
- शारीरिक तथा मानसिक अपाङ्गता भएका व्यक्तिको संख्या कति छ ?
- कति मानिस विदेश गएका छन् ? जस्ता थुप्रै जनसांख्यिक, सामाजिक र आर्थिक गतिविधिसम्बन्धी तथ्याङ्क जनगणनामार्फत संकलन गरिन्छ ।

**मूल गणना : २०७८ कार्तिक २५ देखि मंसिर ९ गते**

## NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोनाभाइरसका मुख्य लक्षणहरू

- ज्वरो (१००.४°F भन्दा माथि)
- श्वास प्रश्वासमा अत्याधिक समस्या
- रुघा र खोकी

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नें ।"*

### नोवेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

- नियमित रूपमा साबुन-पानीले हात धुने
- खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने
- यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने
- फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
- जंगली तथा घरेलु पशुपन्छीहरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
- पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने

**नोवेल कोरोना भाइरस भनेको के हो?**
यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**
नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै वैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन्?**
सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्त्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ?**
मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म वैज्ञानिक तवरले पुष्टी भएको छैन। हाल यस बिषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ?**
अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ ?**
सामान्यतः यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन। तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

**के कोरोना भाइरसको लागि उपचार छ ?**
नोवेल कोरोनाभाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी